# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २०] काठमाडौं, कार्तिक २४ गते २०२७ साल [संख्या २९

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले डोटी निरौला गाउँ पञ्चायतको खानेपानी योजना निमित्त पैठारी (खरीद) भएको पाइपमा लाग्ने विक्रीकर पूर्ण रूपले छुट् दिएको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ती ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्मचारी संचयकोषको भवन निर्माण गर्नको लागि बाग्मती अञ्चल काठमाडौं जिल्ला काठमाडौं नगर पञ्चायत वडा नं. ८ को निम्नलिखित जग्गा र सो जग्गामा बनेको घर समेत प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा तथा घरधनीले जग्गा तथा घरको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ती नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व हालवसी रहेको कर्मचारी संचयकोष कार्यालय भवन, पश्चिम सुन्धाराबाट संकटा जाने सडक, उत्तर शाही नेपाल वायु सेवा निगम भवनको कम्पाउन्ड, दक्षिण हाल कर्मचारी संचयकोष बसेको भवन यति ४ किल्लाभित्रको मालपोत रू ७।१६ (सातरूपैया सोह्रपैसा) लागेको जग्गा रोपनी १।१।– १ (एकरोपनि तेह्रआना एकपैसा) को जग्गा र त्यसमा बनेको घरहरू समेतको कित्ता एक – – – – – – – १

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२८